# मनराशिसवा नगरपालिका आय ठेक्का व्यवस्थापन कार्यविधि,२०८२

(मिति २०८२।१०।०२ गतेको नगर कार्यपालिकाबाट स्वीकृत)

मनराशिसवा नगरपालिका

## मनराशिसवा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी, मधेश प्रदेश,नेपाल

# मनराशिसवा नगरपालिका आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८२

(मिति २०८२।१०।०२ गतेको नगर कार्यपालिकाबाट स्वीकृत)

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-९ अन्तर्गत नगरपालिकाको वित्तीय अधिकार क्षेत्रभित्र नगरपालिकाले प्राप्त गर्ने आय तथा राजस्वलाई ठेक्काको माध्यमबाट व्यवस्थित गरी सञ्चालन तथा व्यवस्थापन गर्नु वाञ्छनीय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७४ समेतलाई आधार मानेर स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो **आय ठेक्का व्यवस्थापन कार्यविधि,**२०८२ जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"मनराशिसवा नगरपालिका आय ठेक्का व्यवस्थापन कार्यविधि,२०८२"** रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"आन्तरिक आय"** भन्नाले नेपालको संविधानको अनुसूची- ८ र अन्य संघीय तथा प्रदेश कानूनले प्रदान गरेको अधिकार अन्तर्गत रही आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(ख) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले यस उल्लेखित कार्यविधि बमोजिम खरिद सम्बन्धी कार्य स्वीकृत गर्ने अधिकारप्राप्त अधिकारी सम्झनुपर्छ।

(ग) **"प्रमुख"** भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) **"एक तह माथिको अधिकारी"** भन्नाले वडा सचिव वा महाशाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख र नगरपालिकाको प्रमुखको हकमा नगर कार्यपालिका र नगरकार्यपालिकाको हकमा नगरसभा सम्झनु पर्छ ।

(ङ) **"कार्यपालिका"** भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) **"कार्यालय"** भन्नाले मनराशिसवा नगरपालिका नगर कार्यापालिकाको कार्यालय सम्झनु पर्छ ।

(छ) **"कार्यालय प्रमुख"** भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

(ज) **"कोष"** भन्नाले मनराशिसवा नगरपालिकाको स्थानीय संञ्चितकोष सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम स्थापना भएका अन्य स्थानीय कोषलाई समेत जनाउँदछ ।

(झ) **"प्रमुख"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत वा सो कार्य गर्न तोकीएको अधिकार प्राप्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ञ) **"विभागीय प्रमुख"** भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ट) **"सार्वजनिक निकाय प्रमुख"** भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) **"सार्वजनिक निकाय"** भन्नाले मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

## ३. <u>आन्तरिक आयको लागि ठेक्का बन्दोबस्त गर्न सक्नेः</u>

(१) प्रचलित कानून बमोजिम नगर सभाले निर्णय गरे अनुसारको कर,सेवाशुल्क,दस्तुर तथा अन्य वार्षिक रुपमा असुल गर्नका लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

तर आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक तथा न्यून ठेक्का अंकका ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा वा एक आर्थिक वर्षको लागि मात्र ठेक्का बन्दोबस्त गर्दा ठेक्का सकार्ने पक्षको व्यवस्थापन लागत उल्लेख्य बढि हुने देखिएमा वा कुल ठेक्का अंक ३ लाख भन्दा घटी भएमा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(क) यस कार्यविधि बमोजिम सम्झौता भई बन्दोबस्त गरिएको कुनै आय ठेक्काको सम्झौताको म्याद थप गर्नका लागि उपयुक्त कारण देखाई दोस्रो पक्षबाट सम्झौताको म्याद समाप्त हुनु अघि नै माग भएमा आय ठेक्काको प्रकृति,त्यस्तो आय ठेक्काको संचालनका लागि दोस्रो पक्षबाट थप लगानी गर्नुपर्ने आवश्यकता, दोस्रो पक्षबाट गरिएको थप लगानीका हिसाबले समय थप गर्नुपर्ने नपर्ने अवस्था, आय ठेक्का संचालनको अवस्था, नयाँ सूचना प्रकाशन गरेर भन्दा दोस्रो पक्षबाट थप अवधिका लागि आय ठेक्का संचालन गराउन उपयुक्त हुने आधार समेतका आधारमा राजस्व परामर्श समितिको परामर्श र कार्यपालिका बैठक निर्णयको सिफारिसमा नगर सभाले सुरुको सम्झौता मिति देखि गणना गरि बढीमा तीन वर्षको लागि आय ठेक्काको म्याद थप गर्न सक्नेछ। यसरी म्याद थप गर्दा कायम रहेको सम्झौता अंकमा थप गरिएको प्रत्येक वर्षका लागि १०% थप गरि असुल गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम ठेक्का बन्दोबस्त गर्दा लागत प्रभावकारी हुने, प्रशासनिक सहजता हुने वा आय बृद्धि हुन सक्ने अवस्थामा यस कार्यविधिको अधिनमा रही अन्य गाउँपालिका वा नगरपालिकासँग आपसी सहमतिद्वारा संयुक्त रुपमा ठेक्का बन्दोबस्त गर्न समेत सकिनेछ ।

(३) यस कार्यविधि बमोजिम ठेक्का बन्दोबस्त गर्दा सामान्यता आर्थिक वर्ष सुरु हुनु अगाडी नै ठेक्का सम्झौता गरिसक्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्दा देहायको विधि अपनाउनु पर्नेछः–

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अंक समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्नेछ ।

(ख) उपदफा ४(क) बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भइसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि आर्थिक ऐनले निर्धारण गरेको दररेट ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ।

(ग) उपदफा ४(क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरीक आयको कुल ठेक्का अंक तीन लाख रुपैयाँ सम्म भएमा सोझै वार्ताद्वारा, कुल ठेक्का अंक तीन लाख देखि माथि बीस लाख रुपैयाँ सम्म भएमा शिलबन्दी दरभाउपत्र आव्हानको माध्यमबाट र कुल ठेक्का अंक सो भन्दा बढी भएमा बोलपत्र आव्हान गरी ठेक्का प्रकृया अगाडी बढाउनु पर्छ ।

(घ) उपदफा ४(ग) बमोजिम ठेक्का आव्हान गर्दा सोझै वार्ताद्वारा तथा शिलबन्दी दरभाउपत्रको हकमा स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा सात दिनको म्याद तथा शिलबन्दी बोलपत्रको हकमा स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई अनुसूची -१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, उद्योग बाणिज्य संघको कार्यालय तथा निर्माण व्यसायी संघको कार्यालयमा समेत सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सो को मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ ।यस्तो सूचना कार्यालयको वेभसाइटमा समेत राख्नु पर्नेछ।

(ङ) उपदफा ४(घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः

(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,
(२) श्रोतगत र स्थनगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,
(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिईने भए सो कुरा,
(४) ठेक्का सम्बन्धी कागजात फारम प्राप्त हुने स्थान र तरिका,
(५) ठेक्का सम्बन्धी कागजात पेश गर्ने र पठाउने तरिका,
(६) ठेक्का सम्बन्धी कागजात/फारम पेश गर्नुपर्ने कार्यालय वा अधिकारीको नाम,
(७) ठेक्का सम्बन्धी कागजात/फारम खरिद वापत लाग्ने दस्तुर,
(८) ठेक्का सम्बन्धी कागजात दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा खोलिने मिति, समय र स्थान,
(९) ठेक्का उपर निर्णय हुने मिति,
(१०) जमानत बापत राख्नु पर्ने रकम वा वैंक ग्यारेन्टीको किसिम र मान्य अवधि,
(११) अन्य आवश्यक कुराहरु ।

(च) उपदफा ४(ख) बमोजिम ठेक्का सम्बन्धी कागजात/फारम खरिद गर्न तीन लाख रुपैयाँसम्म ठेक्का अंकको लागि व्यक्तिगत दर्ता वा मुल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति वा फर्मले खरिद गर्न

सक्नेछन तर तीन लाख रुपैयाँ भन्दा बढी ठेक्का अंकको लागि मूल्य अभिवृद्धि कर मा दर्ता भएका फर्मले मात्र खरिद गर्न सक्नेछन ।

(छ) उपदफा ४(ख) बमोजिम ठेक्का सम्बन्धी कागजात/फारमको दस्तुर कायम गर्दा निम्न बमोजिमको मूल्य कायम गर्नु पर्नेछ ।

(१) पाँच लाख रूपैयाँ सम्म ठेक्का अंकको ठेक्काको लागि एक हजार रूपैयाँ,

(२) पाँच लाख रूपैयाँदेखि माथि बीस लाख रूपैयाँसम्म ठेक्का अंकको ठेक्काको लागि तीन हजार रूपैयाँ,

(३) बीस लाख रूपैयाँ भन्दा माथि जतिसुकै रकमको ठेक्का अंकको ठेक्काको लागि पाँच हजार रूपैयाँ,

(ज) उपदफा ४(घ) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र पर्न आएका ठेक्का सम्बन्धी कागजातहरुको दर्ता, खोल्ने कार्यविधि, ठेक्का प्रस्तावदाताको प्रतिनिधिले पेश गर्नु पर्ने विवरण यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

(झ) पुनः ठेक्का आव्हान गर्नुपर्नेः देहायको अवस्थामा सोझै वार्ता/दरभाउपत्र/बोलपत्र पुनः आव्हान गर्नु पर्ने छ।दोस्रो पटक पुनःआव्हान गर्नु परेमा प्रथम पटकको सूचनाको म्याद भन्दा कम्तीमा आधा अवधिको म्याद दिई पुनःठेक्का आव्हान गर्नु पर्नेछ ।

(१) उपदफा ४(घ) प्रथम पटक ठेक्का आव्हान गर्दा ठेक्का पर्न नआएमा वा

(२) तीनवटा भन्दा कम ठेक्का परेमा वा

(३) पेश भएका प्रस्तावहरु मध्ये न्यूनतम तीन वटा ठेक्का प्रस्तावहरु दफा ४ बमोजिमको मूल्याङ्कनमा असफल भएमा।

(४) शिलवन्दी दरभाउपत्र/बोलपत्रको हकमा पेश भएका दरभाउपत्र/बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्ये कम्तीमा दुइवटा प्रस्तावहरु स्वीकृत न्यूनतम ठेक्का अंकको बराबर वा सो भन्दा बढी नभएमा ।

(५) दोश्रो पटक सूचना आव्हान गर्दा एकमात्र प्रस्ताव परी रीतपूर्वकको भएमा वा एक भन्दा बढी प्रस्ताव पेश भइ सोमध्ये कुनै एक मात्र प्रस्ताब रितपूर्वकको भएमा ठेक्का स्वीकृत गर्न बाधा पर्ने छैन ।

(ञ) दोश्रो पटक सूचना आव्हान गर्दा पनि प्रस्ताव नपरेमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) सोझै वार्ता सम्वन्धी प्रस्तावको हकमा कार्यालयले स्वीकृत ठेक्का अंकमा नघट्ने गरी वार्ताबाट ठेक्काको व्यवस्थापनगर्न सक्ने छ ।सोझै वार्ताबाट समेत ठेक्का व्यवस्थापन हुन नसकेमा कार्यालयको तर्फबाट आय ठेक्का उठाउने सम्बन्धि आवश्यक व्यवस्था मिलाउन वा राजस्व परामर्श समितिको परामर्श बमोजिम कार्यपालिकाको सिफरिसमा सभाबाट स्वीकृत ठेक्का अंक पुनरावलोकनको कारवाही अघिबढाउनु पर्नेछ।

(२) दरभाउपत्र/बोलपत्रको हकमा उपदफा ञ(१) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा कुनै पनि ठेक्का प्रस्ताव नपरेमा कम्तीमा सात दिनको म्याद दिई उपदफा ४(ङ)

बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः–

(क) बढाबढ हुने स्थान,
(ख) बढाबढ हुने समय र मिति,
(ग) अन्य आवश्यक कुराहरु ।

(३) उपदफा ञ(२) बमोजिम प्रकाशित सूचना बमोजिम ठेक्का कवोल गर्ने वा डाँक बोल्ने फर्मको आधिकारीक व्यक्तिले आफूले कबोल गरेको अङ्कको ५(%)प्रतिशत रकम नगदै वा सूचनामा तोकीएको बैंङ्कमा जमानत वापत रकम जम्मागरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको बीसलाख सम्मको ठेक्का अंकको हकमा कम्तीमा ७५ दिन तथा बीसलाख भन्दा माथिको ठेक्का अंकको हकमा कम्तीमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

(४) माथि उपदफा ञ(२) बमोजिम बढाबढ गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेमा कार्यालयले स्वीकृत ठेक्का अंकमा नघट्ने गरि वार्ताबाट ठेक्काको व्यवस्थापन गर्न सक्ने छ। सोझै वार्ताबाट समेत ठेक्का व्यवस्थापन हुन नसकेमा कार्यालयको तर्फबाट आय ठेक्का उठाउने सम्वन्धि आवश्यक व्यवस्था मिलाउन वा राजस्व परामर्श समितिको परामर्शमा कार्यपालिकाको सिफारिसमा सभाबाट स्वीकृत ठेक्का अंक पुनरावलोकनको कारवाही अघिबढाउनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा ञ (३) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा फर्म वा संस्थाले पेश गरेको ठेक्का वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ । कुनै ठेक्काको चलन पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म उक्त जमानत फिर्ता हुने छैन ।

(६) उपदफा ञ (२) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा फ्याक्सद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(७) यस कार्यविधि बमोजिम पर्न आएका ठेक्का वा डाँक बढाबढको प्रस्तावको लागि पेश भएका ठेक्का सम्वन्धि कागजातहरु ठेक्काका शर्त बमोजिम भए नभएको हेरी बोलपत्र मूल्यांकन समितिले सिफारिस सहित निर्णयको लागि पेश गर्नुपर्नेछ ।

## ४. ठेक्का मुल्याङ्कन सम्बन्धि व्यवस्थाः

(१) बोलपत्र मूल्याङ्कन समितिले सोझै वार्ता/दरभाउपत्र/बोलपत्रको मुल्याङ्कन गर्दा निम्न कुराको आधारमा गर्नु पर्नेछ ।

(क) तीन लाख रुपैयाँ सम्म ठेक्का अंक भएको ठेक्का व्यक्तिले समेत खरीद गर्न सक्नेछ। खरिदकर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, प्यान/आयकर दर्ताको प्रमाण पत्र पेश भए/नभएको ।

(ख) खरिदकर्ता फर्म/कम्पनी भए चालु आ.व. सम्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र लगत्तै पछिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश भए/नभएको ।

(ग) ठेक्का सम्वन्धि कागजातमा प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त अधिकारीको दस्तखत तथा कार्यालयको आधिकारीक छाप भए/नभएको। दस्तखत तथा कार्यालयको आधिकारीक छाप सहित फोटोकपी गरिएको ठेक्का सम्वन्धि कागजातलाई मान्यता दिइनेछैन ।

(घ) ठेक्का प्रस्तावदाताले कवोल गरेको अङ्कको कम्तिमा ५% रकम सोझै वार्ता/ दरभाउपत्र/ बोलपत्र जमानत वापत जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट मनराशिसवा नगरपालिकाको नाममा जारी गरिएको तोकिएको मान्य अवधि भएको बैंक जमानत (बिड वंड) पेश भए/नभएको।

(ङ) ठेक्का सम्बन्धि कागजातको सबै पृष्ठमा तथा दररेट महलमा प्रस्ताव गरिएको दररेट वा जम्मा कबोल रकममा केरमेट भएको भए उक्त स्थानमा आधिकारिक दस्तखत/छाप भए/नभएको ।

(च) कालोसूचीमा रहेको वा यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बाँकी बक्यौता भए/नभएको ।

(छ) ठेक्का सम्बन्धि कागजातमा वा Bill Of Quantity (B.O.Q.) मा ठेक्कालाइ प्रत्यक्ष प्रभाव पार्ने कुनै फरक शर्त भए/नभएको । ठेक्कालाई प्रत्यक्ष प्रभाव पार्ने कुनै फरक शर्त भएको भए उक्त ठेक्का सम्वन्धि कागजातलाई मान्यता दिइनेछैन ।

(ज) ठेक्का प्रस्तावदाताले ठेक्का सम्बन्धि कागजातको वि.ओ.क्यू.मा कवोल अंक भन्दा थप बढी वा घटीमा गर्छु भनी लेखिएको खण्डमा सोही लेखीएबमोजिम हुनेगरी मान्यतादिइ मूल्याङ्कन गरिनेछ ।

(झ) ठेक्का प्रस्तावदाताले कवोल अंक प्रस्ताव गर्दा अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको कवोल अंकलाइ मान्यता दिइनेछ ।

(२) प्रस्तावदाताको प्रस्ताव माथि उल्लेखित मूल्याङ्कनका आधारहरु भन्दा फरक भएमा उक्त प्रस्तावदाताको प्रस्ताव अस्वीकृत भएको ठहर गरी मूल्याङ्कनबाट हटाउनु पर्नेछ ।

(३) कार्यालयको स्वीकृत न्यूनतम ठेक्का अंक भन्दा कम कवोल गर्ने ठेक्का प्रस्तावदाताको प्रस्ताव अस्वीकृत हुनेछ ।

(४) दफा ४(१) बमोजिमको मूल्याङ्कनका आधार बमोजिम सफल प्रस्तावहरु मध्ये एक भन्दा बढी प्रस्तावहरुको कबोल अंक बराबर भएमा बराबर कवोल अंक भएका प्रस्तावदाताहरुलाई लिखित रुपमा बढाबढको प्रकृयामा सहभागी गराउनु पर्नेछ। बढाबढमा सवै भन्दा बढी कबोल अंक प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गरिनेछ। उक्त प्रस्तावदाताहरु मध्ये कुनै प्रस्तावदाता बढाबढमा भाग लिन मञ्जुर नभएमा वा बढाबढबाट समेत सबै भन्दा बढी कबोल गर्ने प्रस्तावदाता छनौट हुन नसकेमा गोलाप्रथाबाट सफल प्रस्तावदाता छनौट गर्नुपर्नेछ ।

(५) बोलपत्र मूल्याङ्कन समितिले उल्लेखित मूल्याङ्कनमा सफल प्रस्तावहरुको आर्थिक प्रस्ताव मूल्याङ्कन गरी सबैभन्दा बढी कबोल गर्ने ठेक्का प्रस्ताबदाताको सोझै वार्ता/दरभाउपत्र/बोलपत्र प्रस्ताब छनौट गरी आय ठेक्का व्यवस्थापनका लागी नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

५. <u>ठेक्का स्वीकृत गर्नेः</u>

(१) कार्यविधिको दफा ३ को उपदफा ४(घ) बमोजिम प्रकाशित सूचना अनुसार दाखिला भएको कुनै वा सबै ठेक्का वा कबोल गरेको/ बोलेको कुनै वा सबै डाँक दफा ३ को उपदफा ञ(७) बमोजमको सिफारिसका आधारमा कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका शर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका ठेक्काप्रस्ताव दाताहरु मध्ये सबैभन्दा बढी अंक कबोल गर्नेको ठेक्का स्वीकृत गर्नु पर्नेछ।

(३) दफा ३ को उपदफा ञ(२) बमोजिम डाँक बढाबढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ सुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै कुल कबोल अंक बराबरको धरौटी नगद वा वैंङ्क ग्यारेन्टीलिई स्वीकृत गर्नुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको ठेक्का वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा सो कार्यगर्न तोकिएको अधिकारीलाई हुनेछ ।

(५) यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका तथा कालो सूचीमा रहेका व्यक्ति/फर्म/संस्थाको ठेक्का स्वीकृत हुने छैन ।

६. <u>पट्टा दिने र कबुलियत/सम्झौता गराउनेः</u>

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने ठेक्का वा डाँक स्वीकृत भैसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना ठेक्कादाता वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा सात दिनको म्याद दिई कबुलियत/सम्झौताको लागी आउन सूचना गर्नुपर्नेछ ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि नीजलाई गरिएको पत्राचार वा स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम जारी भएको सूचनाको म्यादमा ठेक्का प्रस्तावदाता वा डाँकवाला हाजिर भई कबुलित/सम्झौता गर्न मञ्जूर गरेमा निजबाट तुरुन्त कबुलियत/सम्झौता गराई निजलाई कार्यदिश वा पट्टा वा चलन पूर्जी दिनुपर्नेछ । त्यस्तो ठेक्का प्रस्तावदाता वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत/सम्झौता गर्न मञ्जूर नगरेमा निजको धरौटी जफत गरि कालो सूचिमा राख्नको लागी सार्वजनिक खरीद अनुगमन कार्यालयलाई लेखि पठाएर निज पछिको क्रम अनुसार दोस्रो,तेस्रो ठेक्का प्रस्तावदाता वा डाँकवालालाई प्राथमिकतादिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।

(४) दफा ३ को उपदफा (ख) बमोजिम संयुक्त रुपमा ठेक्का आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि ठेक्का वाबढाबढको लागि कार्यशर्त तोकी संयुक्त समितिको व्यवस्था गर्नुपर्नेछ। संयुक्त सिमतिको अंशियारवालाले ठेक्का खोलिएको वा डाँक बोलाइएको तीन दिन भित्र ठेक्का वा डाँक स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेश गरी निकास भए बमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिनभित्र ठेक्का वा डाँक स्वीकृत भए वा नभएको निकास दिइसक्नुपर्नेछ। तोकिएको म्यादभित्र पेश नगरेको वा निकास नदिएको कारणलेकुनै हानी नोक्सानी भएमा यसरी हानी नोक्सानी भएको रकम जसको ढिलाई वा लापरवाहीले गर्दा हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट असूल उपर गरिनेछ ।

(५) ठेक्का वा डाँक स्वीकृत भए पछि एकबर्षे आय ठेक्काको हकमा ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधी भन्दा एक महिना बढी मान्य अवधी भएको वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गरी वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तादाताले स्वीकृत ठेक्काको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर तथा कुल ठेक्काअङ्कको दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधी भन्दा एक महिना बढी मान्य अवधी भएको वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) प्राप्त भएपछि ठेक्का सम्बन्धी सबैशर्त खुलाई अनुसूची-२ बमोजिम सम्बन्धित ठेक्काप्रस्ताव दातासँग कवुलियत/सम्झौता गराई अनुसूची-३ बमोजिम पट्टा/कार्यदिश दिनु पर्नेछ। कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्सवण्ड आवश्यक पर्नेछैन ।

(६) ठेक्का वा डाँक स्वीकृत भए पछि बहुबर्षे आय ठेक्काको हकमा ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तीय संस्थाबाट यस

कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधी भन्दा एक महिना बढी मान्य अवधी भएको वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गरी वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तादाताले स्वीकृत वार्षिक ठेक्का रकमको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर तथा कुल ठेक्काअङ्कको दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधी भन्दा एक महिना बढी मान्य अवधी भएको वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) प्राप्त भएपछि ठेक्का सम्बन्धी सबैशर्त खुलाई अनुसूची-२ बमोजिम सम्बन्धित ठेक्काप्रस्ताव दातासँग कवुलियत/सम्झौता गराई अनुसूची-३ बमोजिम पट्टा/कार्यदिश दिनु पर्नेछ । कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्सवण्ड आवश्यक पर्ने छैन ।

(७) बहुवर्षिय आय ठेक्काको आगामी प्रत्येक बर्षको हकमा चालु बर्षको जेष्ठ मसान्त भित्रमा दफा ५(क) बमोजिम परफरमेन्स वण्ड वा धरौटी पेश गरिसक्नु पर्नेछ । सो अवधि भित्र पेश नगरेमा आय ठेक्काको सम्झौता तोड्नेतर्फ आवश्यक कारवाही अघि बढाउनु पर्नेछ ।

(८) ठेक्का वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र ठेक्का वा डाँकवालाले कार्यदिश नलिएमा वा चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले उपदफा (५) बमोजिम राखेको धरौटी रकम वा जमानत वापतको रकम वा बैंक ग्यारेण्टी जफत गर्नुपर्नेछ र कालो सूचिमा राख्नको लागी सार्वजनिक खरीद अनुगमन कार्यालयलाई लेखि पठाउनु पर्नेछ।

७. <u>ठेक्का रकमको किस्ता बुझाउने तरिका</u>:

(१) आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र ठेक्का सम्बन्धी कागजातमा उल्लेखित असुली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर, यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिना भन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेक्का प्रस्तावदाताले कवुलियत/सम्झौताको समयमा कबोल अंक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १०% छुट दिन सकिनेछ ।

तर यस्तो छुटको प्रतिशत ठेक्का वा बढाबढको सूचनामा वा ठेक्का सम्बन्धि कागजातमा उल्लेख भएको हुनु पर्नेछ। सूचनामा वा ठेक्का सम्बन्धि कागजातमा उल्लेख नभएमा छुट दिइने छैन ।

(३) दफा ६ को उपदफा ५ बमोजिम कवुलियत/सम्झौता गरी पट्टा/कार्यदिश पश्चात कानुन बमोजिम आ.व.को सुरुमहिना देखिनै आय रकम संकलन गर्ने गरी गर्न पाउने ठेक्काको हकमा ठेक्का प्रस्तावदाता वा डाँकवालाले प्रत्येक बर्षको पहिलो किस्ता वापतको रकम ढिलोमा चालु आ.व. को कार्तिक मसान्तभित्र, दोश्रो किस्ता बापतको रकम ढिलोमा चालु आ.व. को फाल्गुण मसान्त भित्र तथा तेश्रो तथा अन्तिम किस्ता बापतको रकम ढिलोमा चालु आ.व.को आषाढ १५ गते

भित्रमा अनिवार्य जम्मा गरी सक्नु पर्नेछ ।कानुन बमोजिम तोकिएको मिति देखि मात्र आयठेक्काको रकम संकलन गर्नपाइने ठेक्काका प्रस्तावदाता/डाँकवालाले सो मिति पछिको चौमासिकको किस्तामा समावेश गरी पहिलो चौमासिकको किस्ता रकम बुझाउन बाधा पर्ने छैन।यसरी बुझाउँदा प्रथम चौमासिकको किस्ता रकममा विलम्ब जरिवाना लिइने छैन। उल्लिखित तोकिएको अवधी भन्दा १५ दिन ढिलो गरी किस्ता जम्मा गरेमा/ भएमा थप ५% जरीवाना समेत असुल गरिनेछ। उल्लिखित अवधी भन्दा १५ दिन पछाडी सम्म समेत किस्ता जम्मा नगरेमा/नभएमा आवश्यक कारवाहिकोलागि कार्यपालिकामा पेश गरिनेछ।

८. <u>ठेक्का तोड्ने:</u>

(१) पट्टा कबुलियत/सम्झौताको कुनै शर्त बर्खिलाप हुने काम गरेमा वा शर्त बमोजिम गर्नु पर्ने कुनैकाम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधी भुक्तान नहुँदै बीचैमा कुनै ठेक्कातोड्न वा छोड्न हुँदैन।

(२) कुनै ठेक्कादाताले तोकेको दरभन्दा बढी दरमा कर/शुल्क असूल गरेमा वा कबुलियत/ सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असुल गरेमा वा अन्य तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असूल गरेमा नीजलाइ त्यसो नगर्न दुइ पटक सम्म सचेत गराइ त्यस्तो बढी लिएको वा दोहोरो पर्न गएको रकम सम्बन्धितलाई फिर्ता गराइनेछ ।

(३) उल्लिखित क्रियाकलाप उपदफा (२) मा भन्दा बढी पटक दोहोरिएमा त्यस्तो ठेक्कादाताको ठेक्का तोडी धरौटीजफत गरिनेछ। यसरी धरौटी जफत गरी नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असुल उपर नभएमा सरकारी वाँकी सरह असुल उपर गरी निजलाइ कालोसूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयलाई अनुरोध गरिनेछ। साथै अन्य स्थानीय तहहरु र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएको अवस्थामा बाँकी ठेक्का अवधिको निमित्त ठेक्का वा डाँक बढाबढको प्रतिस्पर्धामा रहेका क्रमानुसारका ठेक्कादाता वा डाँकवालासँग राजश्व परामर्श सिमितीको नयाँ ठेक्का अंक सिफारिसमा कार्यपालिकाको निर्णयानुसार ठेक्का अंक कायम गरी सोही अनुसारको धरौटी रकम नगदै वा बैंक ग्यारेण्टी लिई साविकको स्वीकृत ठेक्काको दरमा नयाँ असूली कार्यतालिका बनाई ठेक्का बन्दोबस्त गर्न सकिनेछ । यस प्रकृयाबाट पनि बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न नसकिएमा अवस्था अनुसार कार्यालयले पुनः ठेक्का आह्वान गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम नयाँ ठेक्का बन्दोबस्त गर्न वा पुनः ठेक्का बन्दोबस्त गर्न लाग्ने समय सम्मको बीचको अवधीका लागि कार्यालयले आय संकलन सम्बन्धि अन्य कुनै उपयुक्त व्यवस्था समेत गर्न सक्नेछ ।

(६) उपदफा (३) बमोजिम ठेक्का तोडीएकोमा त्यसबाट भएको नोक्सानी र सम्वन्धित ठेक्कादाताबाट लिनु पर्ने बाँकी भएमा त्यसको १०% छुट समेत सो ठेक्कादाताले राखेको जमानतबाट असुल नभए निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(७) बिशेष परिस्थिति वा प्राकृतिक कारण वा काबु बाहिरको परिस्थितिका कारण सम्झौता भएको आय ठेक्का तोड्नुवा ठेक्का रकम संसोधन वा पुनराबलोकन गर्नु परेमा राजश्व परामर्श समितिले ठेक्का तोड्नु वा ठेक्का रकम संसोधन वा पुनरावलोकन गर्नु पर्ने प्रष्ट कारण खोली सुझाव सहितको परामर्श दिनु पर्नेछ । उक्त परामर्श समेतका आधारमा आय ठेक्का तोड्ने वा ठेक्का रकम संसोधन तथा पुनरावलोकन सम्वन्धमा सो अवधी सम्मको संझौता अनुसारको सम्पूर्ण आय रकम असुल गर्ने गरि कार्यपालिकाको सिफारिसमा नगर सभाले गरेको निर्णयानुसार हुनेछ।

९. <u>बक्यौंता रकम असूली सम्बन्धी व्यवस्थाः</u>

(१) कार्यालयले विभिन्न कारणवाट असुल हुन नसकी वाँकी रहेको बक्यौता रकम असुल गर्न बक्यौंता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुल गर्नु पर्ने रकम असुलीको लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, उद्योग बाणिज्य संघ, निर्माण व्यवसायी संघ, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्तभै बक्यौंता रकम असुली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई असूली अङ्कको बढीमा ५% सम्म रकम पुरस्कार/प्रोत्साहन स्वरुप उपलव्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौंता रकम असुली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलव्ध गराउनुपर्नेछ ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असुल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असुल उपर गरिनेछ ।

१०. <u>सम्पत्ति तथा उत्पादनको बिक्री सम्वन्धी व्यवस्थाः</u>

(१) नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको र आफूले गरेको उत्पादित वस्तु तथा सेवाको बिक्री गर्दा यस कार्यविधिको अधीनमा रही गर्नुपर्नेछ। तर, अचल सम्पत्ति बिक्री गर्दा नेपाल सरकारको निर्णयानुसार मात्र हुनेछ ।

(२) उपदफा (१) अनुसार अन्य उत्पादनहरुको मूल्य निर्धारण एवं बिक्री प्रक्रिया व्यवस्थापनका लागि कार्यपालिकाले आवश्यक थप कार्यविधि/निर्देशिका जारी गर्नसक्नेछ ।

११. <u>खारेजी र बचाउः</u>

(१) यस कार्यविधिमा केही अस्पष्टता भएमा यसको ब्याख्या गर्ने अधिकार नगरसभा वा नगर कार्यपालिकालाई मात्र हुनेछ ।

(२) यस कार्यविधिको कुनै बिषय सार्वजनिक खरीद ऐन वा नियमावली वा प्रचलित ऐन नियमसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

## अनुसूची -०१

### आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी/सोझै वार्ता/दरभाउपत्र/ वोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति...................)

मनराशिसवा नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका करशुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०....../...... को लागि ठेक्का बन्दोबस्त गुर्नपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी/सोझै वार्ता/दरभाउपत्र/वोलपत्र/विधुतीय प्रस्ताव आह्वानका लागि सम्बन्धित सबैको जानकारीको लागि यो ७/१५ दिने सूचना प्रकाशन गरिएकोछ।

<u>शर्तहरुः-</u>

(१) सोझै वार्ता/दरभाउपत्र फारम/वोलपत्र फाराम कागजात ठेक्का अंक रू. पाँच लाख सम्म रु.१,०००/-, ठेक्का अंक रु. पाँच लाख देखि माथि बिस लाख सम्म रू.३,०००/- र सो भन्दा माथिको ठेक्का अंकका लागी रु.५,०००/- फिर्ता नहुने गरि बुझाई यो सूचना प्रकाशन भएको मितिले ७/१५ औं दिन कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखाबाट खरीद गर्न सकिनेछ । खरीदकर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, प्यान दर्ताको प्रमाणपत्र अनिवार्य पेश गुर्न पर्नेछ । खरीदकर्ता फर्म/कम्पनी वा संस्था भए चालु आ.व. २०...../...... सम्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र (अघिल्लो) आ.व. २०...../..... को कर चुक्ता प्रमाणपत्रको प्रतिलपि समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सक्नेछ/नेपाल सरकारको विधुतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत प्रस्ताव पेश गर्न सकिनेछ।

(२) रू. तिन लाख भन्दा बढी ठेक्का अंक भएको ठेक्कामा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा संस्थाहरुले मात्र भाग लिन पाउने छन् ।

(३) प्रमुख प्रशासकिय अधिकृत/अधिकार प्राप्त अधिकारीको दस्तखत तथा कार्यालयको आधिकारीक छाप नभएको र फोटोकपी गरिएको शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र सम्बन्धि कागजातलाई मान्यता दिईने छैन । साथै एक व्यक्ति/फर्मको नामबाट खरीद गरि अर्को व्यक्ति/फर्मको नामबाट शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/ वोलपत्रसम्बन्धि कागजात दाखिला गर्न पाईने छैन । ठेक्का पेश गर्दा शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र सम्बन्धि कागजात खरीद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य पेश गर्न पर्नेछ । नेपाल सरकारको विधुतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत प्रस्ताव पेश गर्दा सोही प्रणाली बमोजिम हुनेछ ।

(४) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र सम्बन्धि कागजातको खाममा ठेक्का नं., ठेक्काको नाम, ठेक्कादाताको नाम, ठेगाना, सम्पर्क नं. र छाप स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

(५) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र कागजात ८/१६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ। शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र कागजात सोही दिन दिनको १ बजे यस कार्यालयमा खोलिनेछ। शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र कागजात खोल्दा ठेक्कादाता स्वयम् वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ उक्त समयमा ठेक्कादाता स्वयं वा निजको प्रतिनिधी उपस्थित नभएमा शिलबन्दी सोझैवार्ता/दरभाउपत्र/ वोलपत्र कागजात खोल्न कुनै वाधा पर्ने छैन । शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्रकागजात दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यसोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समय र स्थानमा गरिनेछ ।

(६) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र कागजात/फारामका साथ आफूले ठेक्का कवोल गरेको अङ्कको ५% रकम जमानत वापत लक्ष्मी सनराइज बैंक शाखा कार्यालय मनरा, महोत्तरीमा रहेको धरौटी खाता नं.०८४०३०००१९३ मा नगद दाखिला गरेको सक्कल भौचर वा **नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट मनराशिसवा नगरपालिकाको नाममा जारी गरीएको कम्तीमा ७५/१२० दिन मान्य अवधी भएको बैंक जमानत (ग्यारेण्टि) पेश गर्नु पर्नेछ।**

(७) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र/वोलपत्र कागजात/फारामको वि.ओ.क्यु. को दररेट महलमा प्रस्ताव गरिएको दररेट अङ्क र अक्षरमा प्रस्ट लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

(८) यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति/फर्म/संस्थाको ठेक्का स्वीकृत हुनेछैन ।

(९) ठेक्का वा डाँक स्वीकृत भए पछि बहु बर्षे आय ठेक्काको हकमा ठेक्का प्रस्तावदाताले स्वीकृत बार्षिक ठेक्का अङ्क बराबरकोनेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधी भन्दा एक महिना बढी मान्य अवधी भएको वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गरी वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत बार्षिक ठेक्का रकमको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचरका साथ कुल ठेक्का अङ्कको दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधी भन्दाएक महिना बढी मान्य अवधी भएको वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) प्राप्त भएपछि ठेक्का सम्वन्धि सबै शर्त खुलाई अनुसूची-०२ बमोजिम सम्बन्धित ठेक्का प्रस्तावदातासँग कवुलियत/सम्झौता गराई अनुसूची-०३ बमोजिम पट्टा/कायदिश दिनुपर्नेछ । कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्स वण्ड आवश्यकपर्ने छैन ।

(१०) बहुवर्षिय आय ठेक्काको आगामी प्रत्येक बर्षको हकमा चालु बर्षको जेष्ठ मसान्त भित्रमा परफरमेन्स वण्ड वा धरौटी पेश गरि सक्नु पर्नेछ । सो अवधीभित्र पेश नगरेमा आय ठेक्काको सम्झौता तोड्ने तर्फ आवश्यक कारवाही अघि बढाउनु पर्नेछ ।

(११) कवुलियत/सम्झौता गरी पट्टा/कार्यादेश पश्चात कानुन बमोजिम आ.व.को सुरुमहिना देखि नै आय रकम संकलन गर्ने गरी गर्नपाउने ठेक्काको हकमा ठेक्का प्रस्तावदाता वा डाँकवालाले प्रत्येक बर्षको पहिलो किस्ता वापतको रकमढिलोमा चालु आ.व. को कार्तिक मसान्तभित्र, दोश्रो किस्ता बापत को रकम ढिलोमा चालु आ.व. को फाल्गुन मसान्तभित्र तथा तेश्रो तथा अन्तिम किस्ता बापतको रकम ढिलोमा चालु आ.व. को आषाढ १५ गते भित्रमा अनिवार्य जम्मा गरी सक्नु पर्नेछ। कानुन बमोजिम तोकीएको मितिदेखि मात्र आय ठेक्काको रकम संकलन गर्नपाइने ठेक्काका प्रस्तावदाता/डाँकवालाले सो मिति पछिको चौमासिकको किस्तामा समावेश गरी पहिलो चौमासिकको किस्ता रकमबुझाउन बाधा पर्ने छैन ।यसरी बुझाउँदा प्रथम चौमासिकको किस्ता रकममा विलम्ब जरिवाना लिइने छैन ।उल्लिखित तोकिएको अवधी भन्दा १५ दिन ढिलो गरी किस्ता जम्मा गरेमा/भएमा थप ५% जरीवाना समेत असुल गरिनेछ । उल्लिखित अवधी भन्दा १५ दिन पछाडी सम्म समेत किस्ता जम्मा नगरेमा/नभएमा आवश्यक कारवाहीको लागि कार्यपालिकामा पेश गरिनेछ।

(१२) ठेक्कादाताले नगरपालिकाले तोकेको कर तोकीएको संङ्कलन केन्द्रबाट तोकीएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ।

(१३) ढुंगा, गिटी, बालुवा तथा नदी/खोलाजन्य सामाग्रीहरु बिक्री तथा निकासीको ठेक्का बन्दोबस्ती अवधि ........ आश्विन १ गते देखि लागु भई ......... जेष्ठ मसान्त सम्म मात्र कायम हुनेछ ।

(१४) अन्य आय ठेक्काको बन्दोबस्ती अवधि ......... गते देखि लागू भई........ मसान्त सम्म कायम हुनेछ ।

(१५) ठेक्का अवधिमा कुनै वाधा अड्चन आइपरेमा वा ठेक्कादाता र कार्यालयबीच विवाद वा अस्पष्टता भएमा सम्झौताको शर्त, नगर कार्यपलिकाको निर्णय, प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारले सो सम्बन्धमा जारी गरेका मापदण्ड/कार्यविधि/निर्देशिका/निर्देशन अनुसार हुनेछ ।

(१६) प्रचलित कानुन बमोजिम मू.अ.कर, टिडीएस, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्नेकर, दस्तुर लगायतका सम्पूर्ण दायित्वहरु ठेक्काप्रस्तावदाता स्वयमले व्यहोर्नु पर्नेछ । उल्लेखित रकमहरु ठेक्काप्रस्तावदाताले कबोल गरेको ठेक्का रकममानै समाबेस गर्नु पर्नेछ नगरेमा उक्त सम्पूर्ण दायीत्वहरु ठेक्का सम्वन्धीकागजातमा ठेक्काप्रस्तावदाताले कवोल गरीएको अंकमानै समाबेस भएको मानिनेछ ।

(१७) यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

निम्नः

| ठे.नं. | ठेक्काको विवरण | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | ठेक्का आव्हानको किसिम | ठेक्का जमानत रकम (विडवण्ड) र मान्य अवधी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | दरभाउपत्रको हकमा कबोल रकमको कम्तीमा ५% र ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन देखि ७५ दिन मान्य अवधी भएको हुनुपर्ने । | |
| | | | | बोलपत्रको हकमा कबोल रकमको कम्तिमा ५% र ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन देखि १२० दिन मान्य अवधि भएको हुनुपर्ने । | |

<u>अनुसूची - ०२</u>

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**ठेक्का सम्झौता/कबुलियत फाराम**

लिखितम ............ नाती ........... छोरा ........... जिल्ला .............. गाउँपालिका/नगरपालिका वडा नं. .......स्थायी घर भई हाल .............. गाउँपालिका/नगरपालिका वडा नं....... मा वसोबास गर्दै आएको वर्ष..... को ....................... ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा .............. ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ................ को ठेक्का नं. ........... को सूचना बमोजिम ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाई समेतले पेश गर्नु भएको ठेक्का सम्वन्धित कागजात मूल्यांकन गर्दा आ.व. ......... का लागि ....... रु. ............. ( मू.अ.कर बाहेक) मा तपाईंसँग ठेक्का सम्झौता गर्न मिति ............... मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल वमोजिमका क्षेत्रमा............ नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ............ मा यस कार्यालयलाई .........प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. .............. (मू.अ.कर बाहेक) बुझाई मिति .............. देखि मिति ................. सम्म आ.व. .............. को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको सम्झौता/कबुलियत लेखी यस कायायलयमा बुझाएको छु ।

<u>तपसिल</u> :

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.ब. ........... का लागि .........प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ......... (मू.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु............. (मू.अ.कर बाहेक) बुझाई .............. गते देखि .............. सम्मको लागि प्रचलित कानूनको अधिनमा रही ............ आय सङ्कलन गर्नेछु ।

(२) उक्त आय सङ्कलन गर्नका लागि मनराशिसवा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रूपमा आय सङ्कलन गर्ने गरी मनराशिसवा नगरपालिकालाइ अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम बुझाएको छु ।

(३) सो आय सङ्कलन गर्न मनराशिसवा नगरपालिकाबाट निर्णय भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क, दस्तुर इत्यादि लाग्ने छैन र मनराशिसवा नगरपालिकाबाट प्रमाणित गराए बाहेकका रसीदहरू प्रयोग गरीआय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मञ्जुर छ ।

नदीजन्य पदार्थहरु उत्खनन, सङ्कलन र बिक्री वितरण गने शर्तहरुः

१. साधारण निमार्णमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निमार्णमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा मनराशिसवा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेक्कावालको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ..... मू.अ.कर रकम समेतगरी एकमुष्ट वा ......... किस्तामा ....... प्रतिशतका दरले ..... मसान्तभित्र र महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनुपर्नेछ ।

४. यस नगरपालिकाका नदी/खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदी/खोलाहरु बाहेक नदी/खोलाजन्य पदार्थको उत्खनन, सङ्कलन तथा विक्री वितरणकार्य सामुदायिक वन तथा नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

७. नेपाल सरकार वा प्रदेश सरकार वा मनराशिसवा नगरपालिकालाई प्रचलिल कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदी सबै ठेक्कावाल स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेकोठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेक्कावालले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

९. विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेक्कावालले सर्वसाधारणले देख्ने गरी राखु पर्नेछ ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

११. तोकिएको म्याद भित्र ठेक्कावालले मनराशिसवा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा मनराशिसवा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी

क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ...... % कादरले ब्याज समेत ठेक्कावालबाट मनराशिसवा नगरपालिकाले असुल गर्नेछ ।

१२. मनराशिसवा नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरीसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट लगाउन पाइने छैन ।

१३. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्ततथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरीकार्यान्वयन गर्नुपर्नेछ ।

१४. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलनकेन्द्र राख्नु पर्ने भएमा मनराशिसवा नगरपालिकाको पूर्वस्वकृती लिएर मात्र राख्नु पर्नेछ ।

<u>संकलन केन्द्र राख्ने स्थानः</u>

| क.सं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |

१५. आ.व. ......... को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट/मिटर बिक्री दर रु. ...... मा मू.अ.कर बापत रु. ...... प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ । साथै तोकिएको अवधि भन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१६. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम मनराशिसवा नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत मनराशिसवा नगरपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

**(प्रति घन फिटमा)**

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेक्कादाताले लिन पाउने विक्री मूल्य वा शुल्क (....%) | मू.अ.कर रकम (.....%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

२०. ठेक्कावालले यस सम्झौता/कबुलियतमा उल्लिखित सम्पूर्णशर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमितरुपमा मनराशिसवा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेक्कावाललाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन रत्यसको क्षतिपुर्ति दिइनेछैन।

२१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैबिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने वाटो मर्मत गर्ने अवस्था आएमा ठेक्कावाल आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च मनराशिसवा नगरपालिकामा दाबी गर्न पाइने छैन ।

२३. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोलानालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घर जग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२४. पुल, कल्भर्टबाट माथितर्फ ५०० मिटर देखितल/मुनितर्फ १००० मिटर भित्रसम्म निर्माण सामग्रीहरु उत्खन्न गर्न पाईने छैन । साथै सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबै तर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खन्न गर्न पाईनेछैन ।

२५. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेक्कावालले वाटो निर्माण गर्नु पर्नेछ ।

२६. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ..... सम्म विहान ..... बजे देखि बेलुका ..... बजे सम्म मात्र उत्खन्न एवं सङ्कलन समय अवधि हुनेछ ।

२७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमा भित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनी सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२९. उत्खन्न पश्चात काम नलाग्ने भनी छोडीएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदल्ने गरी उत्खनन् गर्न पाइनेछैन ।

३०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेक्कावाल स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्रीप्रवन्ध मिलाउनु पर्नेछ ।

३१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेक्कावालले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेक्कावालको हुनेछ।

३२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खन्न, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ ।

३३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मनराशिस्वा नगरपालिका

## अनुसूची -०३

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**पट्टा/कार्यदिशको फाराम**

मनराशिसवा नगरपालिकाबाट श्री ................ को नाती.................. को छोरा ................ जिल्ला ........... गा.पा./न.पा. वडा नं ....... स्थायी घर भई हाल ....... गा.पा./न.पा. वडा नं. ....... मा बसोबास गर्दै आएको वर्ष ...... को ....... ले ......... कानून बमोजिम मनराशिसवा नगरपालिकाको निमित्त तपसिल वमोजिमको शर्तमा तपसिल वमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस नगरपालिकाबाट ठेक्का आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको ठेक्काको मूल्याङ्कन हुँदा आ.व......... को लागि रु. ........... (मू.अ.कर वाहेक) अक्षरेपी ........... मात्रमा ठेक्का दिने गरी तपाईंसँग ठेक्का बन्दोबस्त गर्न मिति ........... मा यस मनराशिसवा नगरपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत/सम्झौता गरिदिनु भएको हुँदा कबुलियत/सम्झौता बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति ......... भित्र मनराशिसवा नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ........ वा प्रथम किस्ता बापतको रकम रु. ......... बुझाई मिति ........ देखि मिति ..........सम्म आ.व. ............ को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नु होला। तँपाईले गरी दिनुभएको कबुलियत/संझौता र यो पट्टा/कार्यदिशको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तँपाईसँग भएको ठेक्का तोडी तँपाई/तँपाइको फर्मको नाम कालोसूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालय, अन्य स्थानीय तहहरु र व्यवसाय दर्ता वाइजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ। र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तँपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ। पछि तँपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस मनराशिसवा नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ ।

<u>तपसिलः</u>

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. ....... को सम्पूर्ण किस्ता वा प्रथमकिस्ता वापतको रकम रु. ............. बुझाई ....... साल .... गते देखि ..... साल .... गते सम्मलाई प्रचलितकानूनको अधीनमा रही मनराशिसवा नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त मनराशिसवा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछन। यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछन ।

(३) सो आय सङ्कलन गर्न मनराशिसवा नगरपालिकाको कार्यालयवाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम अन्यकुनैको कर दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट

प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तँपाई र मनराशिसवा नगरपालिकाको कार्यालय बीच भएको संझौता बमोजिम हुनेछ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू. फि./मि.) | ढुङ्गा (क्यू.फि./मि.) | ग्राभेल/गिट्टी (क्यू.फि./मि.) | संकलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

मनराशिसवा नगरपालिका

<u>अनुसूची - ०४</u>

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

**उत्खननकर्ताले राख्ने दैनिक उत्खनन अभिलेख**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि बातारणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख।

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमन कर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

मनराशिस्वा नगरपालिका

## अनुसूची - ०५

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

**दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज**

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीयअध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज।

नदी वा खानीको नामः-

नाकाको नामः-

मितिः-

| क्र.सं. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परिमाण (ट्रयाक्टर/टीपर/घ.मि.) | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा मनराशिसवा नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

मनराशिसवा नगरपालिका

**अनुसूची - ०६**

(दफा १७ सँग सम्बन्धित)

**उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययनप्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी ।

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाण घनफिट माः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६ उत्खनन् गर्ने अवधीःमिति २०... /...../.... गते बाट २०...../...../.... भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लागि मनराशिसवा नगरपालिकामा सम्पर्क गर्ने ।)

प्रमाणिकरण मितिः २०८२/१०/०२

आज्ञाले,
विजय नारायण ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत

मनराशिसवा नगरपालिका